नेपाल सरकार

कृषि,वन तथा पर्यावरण मन्त्रालय

# वातावरण विभाग

बबरमहल,काठमाडौ

## मौजुदा सूची दर्ता सम्बन्धी सूचना

**सुचना प्रकाशित मितिः२०८३।०४।०६**

यस विभागको आ.व.२०८३।०८४ को लागि आवश्यक पर्ने तपसिलका कार्यहरु गर्नको लागि सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १८ उप नियम (१) बमोजिमको यसै साथ संलग्न निवेदनको ढाचाँमा सूची दर्ता गर्नुपर्ने भएकोले सम्बन्धित निकायमा दर्ता भएका इच्छुक व्यत्ति,फर्म,संस्था वा कम्पनीहरुले आ आफनो फर्म,संस्था वा कम्पनी दर्ताको नविकरण सहितको प्रमाणपत्रको प्रतिलिपि,मूल्य अभिवृद्रि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि,स्थायी लेखा दर्ता नम्बर(प्यान) प्रमाणपत्रको प्रतिलिपि,आन्तरिक राजश्व विभागबाट आ.व.२०८२।०८३ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि र सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणापत्र समावेश गरी यो सूचना प्रकाशित भएको मितिले यस आ.व.२०८३।०८४ भित्र आफ्नो कारोबारको संक्षिप्त व्यहोरा तथा पत्राचार गर्ने ठेगना,सम्पर्क व्यत्तिको नाम एवं फोन नम्बर स्पष्ट उल्लेख गरी यस विभागमा सूची दर्ताको निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त निवेदन उपर छानविन गरी सूचिकृत गर्ने/नगर्ने अधिकार यस विभागमा निहित रहनेछ ।

**तपशिलः**

**आवश्यक सामान तथा सेवाहरुको विवरण**

१.स्टेशनरी सामानहरुको आपूर्ति (मसलन्द तथा विविध)।

२.छपाई सम्बन्धी कार्यहरु।

३.फर्निचर तथा फिर्निसिङ्ग आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु।

४.विद्युतिय सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु।

५.सवारी साधन,पार्टपुर्जा खरिद तथा मर्मत सम्बन्धी कार्यहरु।

६.पत्रपत्रिका तथा पुस्तकहरु आपूर्ति।

७.खानेपानी (ट्यांकर,जार मिनरल वाटर)।

८.सरसफाई तथा बगैचा व्यवस्थापन।फुलका विरुवाहरु आपूर्ति ।

९.कम्प्युटर,प्रिन्टर,फोटोकपी लगायतका मेशिनरी सामाग्री आपूर्ति तथा मर्मत कार्यहरु।

१०.प्रयोगशाला रसायन,ग्लासवेयर,उपकरणहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्य।

११.वातावरण(EIA,IEE) तथा जलवायु परिवर्तन अनुकुलन र प्रदुषण अनुगमन,नियन्त्रण सम्बन्धी तालिक,गोष्ठी,सेमिनार स्थलगत अध्ययन अवलोकन,अनुगमन सम्बन्धी कार्य।

१२.सेक्युरिटी,माली,सरसफाई सम्बन्धी सेवा।

१३.सफ्टवेयर निर्माण,अपडेट,कम्प्युटर नेटवर्किङ्क तथा इन्टरनेट सेवा प्रदान सम्बन्धी।

१४.सार्वजनिक सम्पत्तिको निमार्ण तथा मर्मत सम्बन्धी कार्य।

१५.वातावरणसँग सम्बन्धित श्रव्यदृष्य सामाग्री उत्पादन,प्रसारण तथा विज्ञापन।सुचना प्रकाशन एंव प्रसारण सम्बन्धी कार्यहरु।

१६.वातावरणीय व्यवस्थापनसँग सम्बन्धित सबै किसिका परामरश सेवाहरु।

१७.सवारी छडके धुवा जाँच का लागि सुरक्षण सामाग्री र वातावरण प्रचार प्रचारका सम्बन्धी सामाग्रीहरु आपुर्ति सम्बन्धी।

**<u>सर्तहरु:</u>**

क.आवश्यक प्रमाण पत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कारबाही हुने छैन।

ख.प्रत्यक समुहको कामका लागि छुट्टाछुट्टै आवेदन दिनु पर्नेछ ।